नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय

**कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम**

हरिहरभवन, ललितपुर

# सूची दर्ता गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७३/०३/२७

यस कार्यालयको लागि आ.व.२०७३/०७४ मा आवश्यक पर्ने देहायका सामान, सेवा, कार्यहरु खरिद तथा मर्मत गर्ने प्रयोजनका लागी मिति २०७३/०३/२७ को राष्ट्रिय दैनिक गोरखापत्र पत्रिकामा प्रकाशित सूचना अनुसार सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम सूची दर्ताको लागी यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले फर्म/व्यवसाय दर्ता प्रमाणपत्रको छाँयाप्रति, स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको छाँयाप्रति र आ.व.०७१/०७२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि र नियमानुसार चाहिने आवश्यक कागजातका साथै पेशागत कसुरमा कुनै सजाय नपाएको स्वघोषणा पत्र सहित सूची दर्ता गर्न आफूले निवेदन गर्न चाहेका कार्यका लागि छुट्टा छुट्टै निवेदन रू. १०।- को टिकट टाँस गरी यस कार्यक्रममा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी वा रित नपुऱ्याई आएका निवेदन दर्ता गरिने छैन । मौजुदा सूचीमा समावेश गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यक्रमा रहने छ ।

## तपशील

१. स्टेशनरी र अन्य मालसामान आपूर्ति कार्य
२. छपाई सम्बन्धी कार्य
३. फर्निचर एवम् फर्निसिङ्ग सम्बन्धी सामान आपूर्ति एवम् मर्मत
४. सवारी साधन (दुई पांग्रे र चार पांग्रे) पार्टपूर्जा आपूर्ति एवम् मर्मत
५. कम्प्युटर, फोटोकपी मेशिन, पेनड्राइभ, हार्ड डिक्स, प्रिन्टर र इन्टरनेट सेवा आपूर्ति एवम् मर्मत
६. बिजुलि र इलेक्ट्रिकल सामान आपूर्ति एवम् मर्मत
७. मेशिनरी सामान (S.L.R. क्यामरा, मल्टिमिडिया) आपूर्ति
८. पिउने पानी र पत्रपत्रिका आपूर्ति कार्य
९. सूचना/विज्ञापन प्रकाशन
१०. कृषि मेला/प्रदर्शनीका लागि स्टल निर्माण